नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तह समन्वय शाखा

सिंहदरबार, काठमाडौं

फोन न. ०१-४२००३०४

पत्र संख्या: २०७५/७६

चलानी नं. ०७९८

मितिः २०७६।३।८

**विषय:** प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ता सम्बन्धमा ।

श्री स्थानीय तह, सबै (७५३)

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ४४२ मिति २०७६/३/५ को प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ता सम्बन्धी विषयको पत्र र पत्रसाथ संलग्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१/१७ मा भएको निर्णय आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थ :**

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाण्डौं

श्री सूचना तथा प्रविधि शाखा, वेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति तथा योजना शाखा

पत्र संख्याः १(यो) २०७५।७६
च.नं. ४४२

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाल सरकार रामशाहपथ, काठमाडौं

रामशाहपथ, काठमाडौं
नेपाल

मितिः२०७६।०३।०५

विषयः **प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ता सम्बन्धमा।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

प्रस्तुत विषयमा प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ को दफा ५(क) बमोजम शुरू स्केलको २५ प्रतिशत जोखित भत्ता सम्वन्धित कार्यालयकै विनियोजित वजेटवाट खर्च व्यवस्थापन गरी उपलब्ध गराउने गरी नेपाल सरकार (मन्त्रिपरिषद) वाट मिति २०७६।१।१७ मा भएको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न छ। उक्त निर्णय कार्यान्वयनको लागि सवै स्थानीय तहहरूलाई पत्राचार गराइदिनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।३।३ को निर्णयानुसार अनुरोध गर्दछु।

(सूर्य वहादुर खड्का)
तथ्यांक अधिकृत

२०१९
०७६।१।८

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

विषयः- प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई प्रयोगशाला जोखिम भत्ता सम्वन्धमा।
प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः- २०७५।१२।२९

१. विषयको संक्षिप्त व्यहोराः- विभिन्न रसायनहरू र विकिरणयुक्त पदार्थहरू, जीवाणुहरू र स्वास्थ्यलाई प्रतिकुल असर पार्ने बैज्ञानिक उपकरणहरूको नियन्त्रित परिवेशमा प्रयोग गरी विभिन्न प्रकारका विश्लेषणात्मक अनुसन्धानात्मक एवं प्रशिक्षणात्मक क्रियाकलापहरूमा कार्यरत रहदाँ हुन सक्ने विभिन्न प्रकारका शारीरीक एवं स्वास्थ्य सम्वन्धी हानी नोक्सानी हुन सक्दछन् । उल्लेखित जोखिमवाट हुन सक्ने क्षतिको लागि प्रयोगशाला जोखिमभत्ता व्यवस्थापन निर्देशिका, २०७२ जोखिम भत्ताको व्यवस्था गरेकोले निर्देशिका वमोजिम जोखिम भत्ताको व्यवस्था गर्न आवश्यक देखिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः- नेपाल सरकारवाट सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कार्यक्रम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को २६ अनुसार महगी भत्ता, पोशाक भत्ता र स्थानीय भत्ता बाहेक अरू सबै भत्ताहरू खारेज गर्ने भन्ने उल्लेख भएकोले आ.व. २०७५/७६ मा प्रयोगशाला जोखिम भत्ता नपाएकोले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला लगायतका प्रयोगशालाहरूमा उल्लेखित जोखिममा कार्यरत कर्मचारीहरूले प्रयोगशाला जोखिम भत्ता व्यस्थापन निर्देशिका, २०७२ को ५ (क) वमोजिम शुरू तलव स्केलमा पच्चिस प्रतिशत (२५ %) थप जोखिम भत्ता दिने भन्ने भए वमोजिम जोखिम भत्ता उपलव्ध गराउन अर्थ मन्त्रालयको प.स.३७०-३ च.नं. २१६२ मिति २०७५।१२।३ को पत्रवाट जोखिम भत्ता विनियोजित वजेटवाट खर्च व्यवस्थापन गर्नुपर्ने शर्तमा उपलव्ध गराउन प्रस्ताव मन्त्रिपरिषदमा पेश गर्न सहमति प्राप्त भएको।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिशः- प्रयोगशाला जोखिम भत्ता चालु आ.व.को विनियोजित वजेटवाट खर्च व्यवस्थापन गर्ने गरी नेपाल सरकार (म.प.) मा प्रस्ताव पेश गर्न विभागिय मन्त्रीवाट मिति २०७५।१२।२९ मा स्वीकृत प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली २०६४ को अनुसूची-१ को विषय सङ्ख्या ३८ वमोजिम यो प्रस्ताव पेश गरिएकोछ।

४. निर्णय हुनु पर्ने व्यहोराः- प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ को दफा ५ (क) वमोजिम शुरू तलव स्केलको पच्चिस प्रतिशत (२५ %) जोखिम भत्ता सम्वन्धित कार्यालयकै विनियोजित वजेटवाट नै खर्च व्यवस्थापन गर्ने गरी उपलव्ध गराउन स्वीकृति दिने।

मितिः- २०७६।१।२

(डा. पुष्पा चौधरी)
सचिव

सोफला महाशाखा

सचिव,

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई प्रयोगशाला जोखिम भत्ता विषयको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको दर्ता नं. २२/१-०७६/१/५ को प्रस्ताव सं.प.बै.सं. ४/०७६ मिति २०७६/१/१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/१/१७